# व्यवसायिक कृषि तथा पशुपंक्षी फार्म दर्ता कार्यविधि २०७८

## पृष्ठभुमि :

कृषि क्षेत्रको उत्पादनलाई परम्परागत तथा निर्वाहमुखि अवस्थाबाट दिन प्रतिदिन आधुनिक तवरले व्यवसायीकरण गरेर प्रतिस्पर्धि रुपमा सक्षम बनाउन आवश्यक छ। यसका लागि कृषिजन्य उत्पादन, प्रशोधन तथा बजारीकरण गरी कृषकलाई थप सहयोग तथा कार्यक्रमलाइ अझ बढि प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित वर्गसम्म पुर्याउन र कृषि व्यवसायलाइ आर्थिक उपार्जन, स्वरोजगार प्रवर्द्धन एवं गरीवी न्युनिकरणको माध्यमबाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुऱ्याउनुको साथै बढ्दो बैदेशिक पलायन दरलाई निरुत्साहित गरी यस गाउँपालिकामा कृषि व्यवसायको माध्यमबाट गाउँपालिकालाई आवस्यक कृषिजन्य मागलाई पुर्ति गरी बढि भएको उत्पादन पालिका बाहिर निर्यात गरी कृषि व्यवसायबाट  कृषकको जीवनस्तर उकास्नुको साथै यस गाउँपालिकाको विभिन्न निति तथा कार्यक्रमलाई सहज, सरल, पारदर्शि र प्रभावकारी रुपमा संचालन गर्न सुनापति गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को द(५) ले दिएको अधिकार प्रयोग गरी सुनापति गाउँपालिका, गाउँ कार्यपालिकाबाट यो कार्यविधि जारी गरी लागु गरिएको छ ।

## परिच्छेद १

### १) प्रारम्भ

### क) संक्षीप्त नाम र प्रारम्भ :

१. यो कार्यविधिको नाम “ व्यवसायिक कृषि तथा पशुपंक्षी फार्म दर्ता कार्यविधि २०७८

” रहेको छ।

२. यो कार्यविधि सुनापति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट पास भएको मितिबाट लागु हुनेछ।

**२) परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क)  “ गाउँपालिका ” भन्नाले सुनापति गाउँपलिका सम्झनु पर्दछ।

ख) “ कार्यालय ” भन्नाले सुनापति गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ।

ग) “ शाखा ” भन्नाले सुनापति गाउँपालिकाको कृषि विकास शाखा सम्झनु पर्दछ।

घ) “ निजि फार्म ” भन्नाले एकल वा साझेदारीमा रहि यस शाखामा दर्ता भएको फार्म सम्झनु पर्दछ।

ङ) “ कार्यविधि ” भन्नाले व्यवसायिक कृषि तथा पशुपंक्षी फार्म दर्ता कार्यविधि २०७८ सम्झनु पर्दछ।

**३) उद्धेश्यहरु :**

क) कृषि विकास शाखाका कार्यक्रम संचालनमा सहयोग पुर्याउने।

ख) गाउँ सभाबाट विनियोजित रकमलाई पारदर्शी बनाई संचालन गर्न सहयोग पुग्ने।

ग) संभाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुर्याउने।

घ) कृषि व्यवसायको उद्यमशिलता प्रबर्द्धन एवं व्यवसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सिपलाइ लक्षित वर्गसम्म पुर्याउन सहयोग स्वरुप अनुदान प्रदान गर्ने।

ङ) कृषि व्यवसायबाट उत्पादित पदार्थहरुको गणस्तर सुधार गर्न र उत्पादन लागत न्युनिकरण गर्ने।

च) कृषि व्यवसायलाई प्रभावकारी तरिकाले संचालन गर्नको लागि विभिन्न प्रकारका बिउ, रसायनिक मल, कृषि औजार तथा विभिन्न प्रकारका तालिमहरु समय समयमा संचालन गर्ने।

## परिच्छेद २

**व्यवसायिक कृषि तथा पशुपंक्षी फार्म दर्ता प्रकृया :**

यस गाउँपालिका भित्रका कृषि पेशा गर्दै आइरहेका अगुवा कृषकले आफ्नो फार्म गाउँपालिकाले दर्ता गर्न चाहेमा तपशिल बमोजिमको कुनै एक मापदण्ड पुरा गरि कृषि प्राविधिकबाट फार्म दर्ता गर्न उपयुक्त देखिएमा कृषि शाखामा फार्म दर्ता गरिनेछ।

### कृषि फार्म दर्ताको न्युनतम मापदन्ड

**१. प्लाष्टिक टनेल खेति :**

- ✓ प्लाष्टिक टनेल कम्तिमा ५/१० मिटरको ५ वटा टनेल निर्माण गरी तरकारी उत्पादन गरेको हुनु पर्दछ।

**२. खुला तरकारी खेति :**

- ✓ यस तरिकाबाट तरकारी खेति गर्दा कम्तिमा २ रोपनी भन्दा बढिमा व्यवसायीक रुपमा तरकारी बाह्रै महिना उत्पादन हुनुपर्दछ।

**३. फलफुल खेति :**

- ✓ फलफुल खेतिहरु जस्तै : सुन्तलाजात फलफुल, किवि, एभोकाडो, हलुवावेद, केरा, आँप, लिचि, आरुबखडा, नास्पति आदिको हकमा व्यवसायीक रुपमा ३ रोपनी भन्दा बढिमा फलफुल खेति गरिएको हुनु पर्नेछ ।

**४.च्याउ खेति(सितक, कन्ये, गोब्रे लगायत) :**

- ✓ च्याउ खेति व्यवसायीक रुपमा करिब २ वटा च्याउ घर (५/१० मिटर) निर्माण गरी खेति गरेको हुनुपर्नेछ।

**५. मौरी पालन :**

- ✓ मौरी पालनको हकमा आधुनिक घार १० वटा घार भन्दा बढिमा पालन गरेको हुनुपर्नेछ।

**६. चिया तथा कफि खेति :**

- ✓ चिया तथा कफि खेति गर्दा कम्तिमा ३ रोपनीमा व्यवसायीक रुपमा खेति गरेको हुनुपर्दछ।

**७.कृषि बाली खेति :**

- ✓ कृषि बाली बस्तु जस्तै : खाद्यान्न, दलहन, तेलहन, औद्योगिक, मसला बाली आदिको हकमा व्यवसायीक रुपमा २० रोपनी भन्दा बढिमा खेति गरेको हुनुपर्दछ।

**८. तरकारी तथा फलफुल नर्सरी खेति :**

- ✓ तरकारी तथा फलफुल नर्सरीको हकमा कम्तिमा २ रोपनी क्षेत्रफलमा नर्सरी स्थापना गर्नुपर्नेछ।

**९. अन्य बाली बस्तु :**

- ✓ कृषकले माथि उल्लेखित बाहेक अन्य कुनै बाली बस्तु उत्पादन गर्न चाहेमा कृषि प्राविधिकको सिफारिसको आधारमा गर्नुपर्नेछ।

१०. कृषि तथा पशुपंक्षी फर्म दर्ताको हकमा सुनापति गाउँपालिका पशुपंक्षी दर्ता निर्देशिका २०७८ अनुसारको मापदण्ड सहित कृषि तथा पशुपंक्षी फार्म दर्ता कार्यविधि २०७८ को न्युनतम मापदण्ड समेत पुरा गर्नुपर्नेछ।

**फार्म दर्ताको लागि आवश्यक प्रकृया :**

- ✓ अनुसूचि २ अनुसारको निवेदन
- ✓ नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- ✓ २ प्रति पासपोर्ट साइजको फोटो
- ✓ चार किल्ला प्रमाणित सर्जिमिन मुचुल्का
- ✓ जग्गा भाडामा भए सो को करारनामा (कम्तिमा ५ वर्षको)
- ✓ व्यक्तिगत वा संगोलमा भए स्वघोषणा/मञ्जुरीनामा
- ✓ राजस्व खातामा राजस्व बुझाएको रसिद
- ✓ सम्बन्धित वडा कार्यालयको सिफारीस

## परिच्छेद ३

थपघट वा हेरफेर गर्न सक्ने
१. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सुनापति गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा आरोध फुकाउने प्रयोजनका लागि सुनापति गाउँपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

**अनुसूचीं. १**

**सुनापति गाउँपालिका**

**गाउँ कार्यपालिको कार्यालय**

**कृषि विकास  शाखा**

**हिलेदेवी रामेछाप**

**कृषि/पशुपंक्षी व्यवसायिक फार्म दर्ता प्रमाण पत्र**

१. दर्ता नं. :-                                                  दर्ता मिति :

२. फार्मको नाम :-

३. जम्मा पुँजी :-

४. फार्म धनिको नाम :

५. फार्मको उद्देश्य :

६. फार्म रहने ठेगाना :-   जिल्ला :-                    गाउँपालिका :

वडा नं. :-                    टोल :-

७. खेति गरिने जमिनको क्षेत्रफल  :-

८.खेति गरिने बाली :

९. जम्मा पशु । पंक्षिको संख्या  :-

माउ :- ......................                    पाठापाठी/पाडापाडी/वाच्छा वाच्छी :  ................

अन्य :                    **(कृषि तथा पशुपंक्षी फार्म दर्ताको हकमा मात्र)**

...............................                    ....................................

कृषि शाखा प्रमुख :                    प्रमुख प्रशासकीय अधिकृत

**(नोटः कृपया प्रत्येक आ.व. को शुरु मा यो ईजाजतत्र नविकरण गराउनु होला।)**

**अनुसूचीं. २**
**फार्म दर्ताको लागि निवेदनको ढाँचा**

मिति : ..................................

श्रीमान शाखा प्रमुख ज्यू,

सुनापति गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

कृषि विकास शाखा, रामेछाप

विषय : फार्म दर्ता गरी पाउँ।

महोदय,

प्रस्तुत विषयमा यस सुनापति गाउँपालिका वडा नं. ...... मा मैले ........... क्षेत्रफलमा मिति : ..............देखी ..........बाली खेति गर्दै आइरहेको वा मिति : ................. भित्रमा .......... क्षेत्रफलमा व्यवसायीक रुपमा................ बाली खेति गर्ने प्रतिबद्धता जनाउदै वार्षिक रु. ................ को कारोबार हुने गरी ...................................................... नामको फार्म दर्ता गरी पाउँ भनि तपशिलमा उल्लेखित कागजातहरु संलग्न गरी फार्म दर्ताको लागि यो निवेदन पेश गरेको छु।

संलग्न कागजातहरु

- ✓ निवेदन
- ✓ नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- ✓ २प्रति पासपोर्ट साइजको फोटो
- ✓ चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का
- ✓ जग्गा भाडामा भए सो को सम्झौता पत्र
- ✓ व्यक्तिगत वा संगोलमा भए स्वघोषणा/मञ्जुरीनामा
- ✓ राजस्व खातामा राजस्व बुझाएको रसिद
- ✓ सम्बन्धित वडा कार्यालयको सिफारीस
- ✓ न्युनतम मापदण्ड अनुसार व्यवसाय नविकरणको हकमा वडाको कृषि प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन

निवेदक

हस्ताक्षर :
नाम :
ठेगाना :
सर्म्पक नं.